# भीमेश्वर नगरपालिका
## दोलखा

### भीमेश्वर नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**
**प्रतिनिधि सभाका माननीय सदस्यज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. भीमेश्वर नगरपालिकाको तेस्रो नगर सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रतिनिधि सभाका माननीय सदस्यज्यू लगायत सम्पूर्ण महानुभावहरुलाई नगरपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

नगरसभाको यो महत्वपूर्ण अवसरमा नेपाली नागरिकको अधिकार तथा राजनीतिक, आर्थिक एवं सामाजिक परिवर्तनका लागि सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र शहिदहरुको सपना अनुसार समृद्ध तथा सुखी नेपालको स्थापनामा अटाउने समृद्ध भीमेश्वरको अभियानबाट सहयोग पुऱ्याउन प्रतिबद्ध रहने विश्वास दिलाउँछु ।

**२. आफ्नो गाउँ, आफैं बनाउँ** अभियान र सामाजिक सुरक्षा भत्ता जस्ता जनप्रिय कार्यक्रमको जगबाट विकसित भएको स्थानीय सरकारप्रति नागरिकको अथाह आशा र आस्था रहेको सन्दर्भमा नेपालको संविधान अनुरुप संघीय संरचनाको छोटो अभ्यासका क्रममा पदभार सम्हालेको एक वर्ष पश्चात् आज दोस्रो पटक नगरपालिकाको नीति तथा  कार्यक्रम प्रस्तुत गरिरहँदा यो अवधिमा अवसर र चुनौतीका बीच यस नगरपालिकाले हासिल गरेका उपलब्धिहरुबाट आगामी दिनमा समृद्धि हासिल गर्न सक्ने विश्वास लिएको छु ।

३. स्थानीय सरकारका रुपमा पदभार सम्हालेको यो एक वर्षको अवधिमा नगरपालिकाका नौ वटै वडाबाट नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न प्रारम्भ देखि नै वडा कार्यालयको स्थापना गरी सेवा सञ्चालन शुरु गरिएको थियो । नगरवासीलाई सहज सेवा उपलब्ध गराउन प्रत्येक वडामा न्यूनतम् रुपमा आवश्यक पर्ने कर्मचारी खटाउनुका साथै उर्जा व्याकअप सहित इन्टरनेटको व्यवस्था गरिएको छ । वडाहरुलाई जाने निर्देशन कार्यालयको वेभसाइट मार्फत जाने व्यवस्था मिलाईएको छ । वडा कार्यालयहरुबाट अनलाईन प्रणालीबाट व्यक्तिगत घटना र सामाजिक सुरक्षा लाभग्राही दर्ताको कार्य शुरु गरिएको छ जस अनुरुप वडा नं ६, ७ र ८ बाट अनलाईन घटना दर्ता गर्ने कार्य शुरु भैसकेको छ भने बाँकी वडाहरुबाट यसै आर्थिक वर्षभित्र शुरु हुनेछ ।

४. नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार प्रयोग गर्ने क्रममा संघीय संरचना अनुसार विगत एक वर्षको संक्रमणकालमा देखिएका अन्यौलका बावजुद नगरपालिकाले संविधान प्रदत्त: अधिकारलाई क्रमश: संस्थागत गर्दै लगेको छ । नगरपालिकाले एक वर्षको अवधिमा दैनिक कार्यलाई व्यवस्थित रुपमा  सम्पादन गरी सुशासन कायम गर्न नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४, नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४, नगर कार्यपालिकाको निर्णय, वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४, आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४, आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०७४, न्यायिक समिति कार्यविधि ऐन, २०७४, सहकारी ऐन, २०७४, सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४, आर्थिक

कार्यविधि ऐन, २०७४, कृषि तथा पशुपालन सम्वन्धी ऐन, २०७४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ जारी गरेको छ ।

उल्लिखित ऐन, नियमावली तथा कार्यविधिका अतिरिक्त नगरपालिकाले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्वन्धी नियामवली, २०७५, स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७५, करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५, भारी सवारी साधन व्यवस्थापन कार्यविधि, २०७५, भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र व्यवस्थापन गर्ने सम्वन्धी आदेश, २०७४, नाता प्रमाणित माग गर्ने निवेदन तथा नाता प्रमाणित प्रमाण-पत्रको ढाँचा जारी गरी सेवा प्रवाह तथा सुशासनलाई संस्थागत गर्ने कार्य प्रारम्भ भएको छ ।

५. नगरपालिकाले सम्पादन गर्नुपर्ने न्यायिक कार्य प्रणालीलाई ब्यवस्थित गर्न न्यायिक समितिको सचिवालयको स्थापना गरिएको छ भने न्याय सम्पादनलाई मेल मिलापको माध्यामबाट सरलिकरण गर्न सामुदायिक मेलमिलाप केन्द्रलाई सकृय पारिएको छ। न्यायिक समितिमा परेका उजूरीका पक्ष विपक्षलाई छलफल तथा मेलमिलाप गराई समयमै निर्णय गर्ने कार्य अघि बढेका छन् ।

६. नेपालको कूल ग्राहस्थ उत्पादनमा करिव एक तिहाई हिस्सा ओगटेको कृषि क्षेत्रमा करिव दुई तिहाई नागरिक आश्रित रहेका छन् । यस क्षेत्रलाई बढी भन्दा बढी व्यवसायिक बनाउँदै उत्पादन र उत्पादकत्व बृद्धि गरी यसले प्रदान गर्ने रोजगारीलाई आयमूलक र दीगो बनाउन नगरपालिकासँग पर्याप्त प्राविधिक जनशक्तिको अभाव हुँदाहुँदै पनि वडा कार्यालयको सकृयतामा गाईपालन, मौरीपालन, अलैची खेती, किवीखेती लगायतका विविध क्षेत्रमा लगानी प्रवाह गरिएको छ ।

७. शिक्षा क्षेत्रमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुबीच बढ्दै गएको मनोवैज्ञानिक एवं गुणस्तरको खाडल कम गर्न नगरपालिकाले सामुदायिक विद्यालयको कक्षा पाँच सम्मका विद्याथीहरुका लागि विद्यालय पोशाक वितरण, माध्यामिक तहसम्मका सामूदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थी तथा शिक्षकहरुको पोशाक निर्धारण, आधारभूत तह उतीर्ण परिक्षा बोर्ड गठन, नगर शिक्षा समिति गठन जस्ता संस्थागत प्रयास थालिएको छ । यसैगरी सामूदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न अंग्रेजी विषय सहितको पाठ्क्रम निर्धारण गरी दुई वर्षे शिशु तथा बाल कक्षाको प्रारम्भ गरिएको छ । शैक्षिक पात्रो निर्माण गरी नगर क्षेत्रभित्रका सवै विद्यालयमा नियमित रुपमा विद्यालय अनुगमनको मूख्य आधार बनाईएको छ । दोलखा जिल्लालाई शैक्षिक गन्तव्य बनाउने उद्देश्यले **"शैक्षिक गन्तव्य हाम्रो अभियान, गुणस्तरीय शिक्षा दोलखाको शान"** भन्ने नाराका साथ भीमेश्वर नगरपालिकाको आयोजना तथा जिल्लाका सवै स्थानीय तहको सह-आयोजनामा दोलखा शैक्षिक, विज्ञान प्रविधि तथा साँस्कृतिक महोत्सव, २०७५ भव्य रुपमा हालै सम्पन्न गरिएको छ ।

८. नगरक्षेत्र भित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र चरिकोट अस्पतालको सेवा विस्तार गरी अस्पताललाई आई.सि.यू. सहितको अस्पतालमा स्तरोन्नति गर्न नगरपालिका लगायतका दोलखाका स्थानीय सरकार समेतको योगदान रहने गरी नेपाल सरकार, स्वास्थ्य मन्त्रालय लगायत विभिन्न सम्बद्ध संस्थाहरुसँग साझेदारीको प्रयास गरिएको छ । स्वास्थ्य चौकीमा औषधीको आपूर्तिमा कमी हुन नदिन नेपाल सरकारबाट आपूर्ति हुने औषधिका अतिरिक्त नगरपालिकाबाट पनि समयमै औषधि आपूर्ति गर्ने व्यबस्था मिलाएको छ। अस्पताल, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा आवश्यक पर्ने जनशक्तिको कमी हुन नदिन सेवा करारको माध्यमबाट समयमै जनशक्ति व्यबस्थापन गरिएको छ। यस बाहेक कुप्री र खरिढुङ्गाको शहरी स्वास्थ्य केन्द्र भवनको स्तरोन्नति गर्नुका साथै राम्पा र सुष्पा क्षमावतीमा नयाँ खोप केन्द्र भवन यसै आर्थिक वर्षमा सम्पन्न हुने गरी निर्माण कार्य अघि बढाईएको छ ।

९. पर्यटन उद्योग नगरवासीका लागि दीगो आयको क्षेत्र वन्न सक्ने सम्भावनालाई ध्यानमा राखी यहाँका धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको निर्माण गर्दा परम्परागत मौलिकता झल्कने गरी निर्माण तथा पुनःनिर्माणको कार्य अघि बढाईएको छ । सूचना केन्द्र सहितको भीमेश्वर नगरको प्रवेशद्वार, भीमेश्वर

भ्यू-टावर, मञ्जुश्री पार्क, सिमपानी पोखरी तथा चम्पुजा पार्कलाई पर्यटकीय स्थलको रुपमा विकास गर्दै लाने गरी कार्य अघि बढेका छन् ।

१०.पूर्वाधार विकासलाई व्यवस्थित वनाउन सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ मार्फत सडकको क्षेत्राधिकार तथा फासला निर्धारण गरी लागू गरिएको छ । यी बाहेक नगरपालिकाका सवै नगर सडक तथा गल्लीहरुको नामाकरण गरिएको छ । चालु आ.व.मा उल्लेखित ऐनले निर्धारण गरे बमोजिम सडक निर्माणमा सडकको चौडाई अनुसार माटो काट्ने कार्य प्रारम्भ भएको छ । सडकका मोडमा ठाउँ ठाउँमा सोलिङ्ग तथा ढलान गर्ने कार्य प्रारम्भ गरिएको छ । सडक निर्माण गर्दा वर्षाको पानीले सकेसम्म कम क्षति पुऱ्याओस भन्ने हेतुले कच्ची भए पनि नाला बनाउने कार्य थालनी गरिएको छ । उल्लेखित कार्यमा निरन्तर प्राविधिक सुपरिवेक्षणका लागि प्रत्येक वडामा एक-एक प्राविधिकको व्यवस्था गरिएको छ। नगरपालिका उप-प्रमुखको नेतृत्वमा नगरस्तरीय अनुगमन समिति वनाई योजना अनुगमनलाई निरन्तर र सघन बनाईएको छ ।

११. नगरपालिकाको मुख्य बजार र आसपासका वस्तीहरुमा साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको निर्माणको लागि समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । चालु आर्थिक वर्षका लागि खानेपानी तर्फ विनियोजन अनुरुप फेरो ट्यांक वनाउने तथा स-साना मर्मत सम्भार योजनाहरु सम्पन्न भएका छन् ।

१३. नगरपालिकामा एकीकृत वस्ती विकास गर्ने नीति अनुरुप वडा नं ४ को जिलुमा एकिकृत वस्ती निर्माणका लागि नक्शांकन र डिजाईनको कार्य सम्पन्न भई सो अनुरुप सडकको ट्रयाक खन्ने तथा अस्थायी टहरा निर्माण गरी स्थानीय वस्ती सार्ने कार्य  शूरु भएको छ। जस अनुरुप फसिभैमा सडकको ट्रयाक खन्ने तथा अस्थायी टहरामा वस्ती सार्ने कार्य सम्पन्न भैसकेको छ ।

१४. नगरपालिकाभित्र भवन मापदण्ड तथा सडकको फासलालाई क्रमशः व्यवस्थित गर्दै लगिएको छ भने ऐतिहासिक तथा साँस्कृतिक दोलखा नगरीमा पुर्ननिर्माण हुने घरको बाहिरी बनोट तथा डिजाईनको कार्य टुङ्गयाएको छ । भूकम्प पश्चात्को निजी आवास पुर्ननिर्माणको लाभग्राही सूचीमा परी सम्झौता भएका मध्ये **६६ प्रतिशतला**ई दोस्रो किस्ता तथा **३२ प्रतिशतला**ई तेस्रो किस्ता वितरण भैसकेको छ ।

१५. युवाहरुमा खेलकुदका माध्यमबाट सामुहिकता (टिम स्पिरिट) को भावना विकास गरी सकारात्मक समाजको निर्माण गर्ने ध्येयका साथ मेयर कप क्रिकेट तथा फुटवल प्रतियोगिता र भलिवल प्रतियोगिता आयोजना गरिनुका साथै नगरपालिकाको वडा नं ८ को भित्तेरीपाखा, थलनागीमा खेल मैदान निर्माण कार्य शुरु गरिएको छ । चरिकोटमा रहेको एक मात्र टुडिखेल सुधार तथा कवर्ड हल निर्माणका लागि प्रारम्भिक कार्य अघि बढाईएको छ ।

१६. लैंगिक समानता र सामाजिक समावेशिकरणलाई व्यवस्थित ढंगले अघि बढाउन सवै वडाहरुमा वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय बाल अधिकार संरक्षण तथा सर्म्वद्धन समिति गठन गरी नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा बालबालिकालाई समावेश गर्ने परिपाटी शुरु गरिएको छ । वडास्तरमा भएको वडास्तरीय पूर्व योजना तर्जुमा परामर्श बैठक तथा नगरपालिकास्तरमा  विभिन्न सरोकारवालाहरुसँग परामर्श गरी प्राप्त सुझावलाई धेरै भन्दा धेरै हदसम्म समावेशिताको माध्यमबाट महिला, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका सरोकार समूहलाई नीति निर्माण तथा योजना तर्जुमा गर्ने समावेश गराउदै समावेशिताको नीतिलाई व्यवहारिक रुपमा लागु गर्ने प्रयास गरिएको छ ।

१७. नगर कार्यपालिकाको कार्यालयबाट चौबिसै घण्टा बारुण यन्त्रको सेवा प्रदान हुन सक्ने गरी व्यवस्थापन गरिएको छ । त्यसैगरी फोहोरमैला संकलन गर्न थप कर्मचारी तथा साधन स्रोतको व्यवस्था मिलाईएको छ। विपद् व्यवस्थापनका लागि नगरपालिकामा न्यूनतम् सामाग्री राख्नुको साथै थप सामाग्री बजारबाट सोझै आपूर्ति गर्ने व्यवस्था मिलाईएको छ ।

१८. कार्यालयको वेवसाईट अपडेट गरी निरन्तर सूचना प्रवाहको व्यवस्था मिलाईएको छ भने पत्रकार भेटघाट तथा जनतासँग मेयर कार्यक्रम मार्फत अन्तरकृया, सूचना प्रवाह एवं पारदर्शिताको व्यवस्था मिलाई सुशासनको अभ्यासलाई संस्थागत गर्ने प्रयास गरिएको छ ।

**सभाअध्यक्ष महोदय,**
**प्रतिनिधि सभाका माननीय सदस्यज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाउँदा **"ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहर, प्रकृति र पर्यटनले समुन्नत भीमेश्वर"** को पृष्ठभूमिमा वडास्तरीय छलफलबाट प्राप्त सुझाव कार्यान्वयन गर्न सहयोग पुग्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ । आर्थिक वर्ष २०७५/७६ लाई समृद्ध भीमेश्वरको आधार वर्ष बनाउन नीति तथा कार्यक्रमलाई मूलतः दिगो विकासका लक्ष्य हासिल हुने गरी शैक्षिक गुणस्तरमा सुधार, कृषि क्षेत्रको व्यवसायिकरण तथा आधुनिकिकरण, पर्यटन पूर्वाधारको विकास, रोजगारी सिर्जना र सो अनुरुपका संरचना निर्माण, पूर्वाधार निर्माण, एवं सार्वजनिक–निजी, सहकारी र सामुदायिक साझेदारी तथा आन्तरिक स्रोतको अधिकतम परिचालन हुने गरी निर्दिष्ट गरिएको छ । आयोजनाहरुको छनौट गर्दा दिगो प्रकृतिका र स्पष्ट नतिजा दिने आयोजना छनौट गर्ने नीति लिईएको छ ।

**नीति तथा कार्यक्रम :**

**कृषि, पशुपालन, कृषि प्रसार तथा सिंचाई**

१९. कृषकहरुलाई निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिकतामा रुपान्तरण गर्न नगरपालिकाले चालू आर्थिक वर्षमा शुरु गरेको अभियानलाई थप परिमार्जित गर्दै सहकारी एवं वित्तीय संस्थासँगको साझेदारीमा थप विस्तृत बनाइने छ ।

२०. नगरपालिकाका वडाहरुलाई कलष्टर तथा पकेट क्षेत्रमा विभाजन गरी अलैंची तथा किवी खेतीलाई हालको १५० हेक्टर क्षेत्रफलबाट ३०० हेक्टरमा विस्तार गरिनेछ । मौसमी एवं बेमौसमी तरकारी खेतीलाई थप विस्तार गर्नुका साथै १५० रोपनी क्षेत्रफलमा व्यवसायिक अकबरे खुर्सानीको उत्पादन शुरु गरिनेछ। आलु उत्पादनलाई थप बृद्धि गर्दै यसको ग्रेडिङ्ग तथा प्याकेजिङ्ग एवं बजार व्यवस्थापनलाई सुदृढ बनाईनेछ ।

२१. कृषिमा आधुनिकिकरण र व्यवसायिकरण गर्न हाते ट्रयाक्टर तथा थ्रेसर मेशिन जस्ता आधुनिक उपकरणको प्रयोग बढाई कृषि क्षेत्रमा युवालाई आकर्षित गरिनेछ ।

२२. व्यवसायिक बाखा पालन, गाई पालनका पकेट क्षेत्रको विस्तार गर्दै लगिनेछ र कृत्रिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधार गर्ने अभियानलाई तीव्र बनाउनुका साथै पशु स्वास्थ्य बीमाको कार्यलाई अगाडि बढाईनेछ ।

२३. नगरपालिकालाई दुध, अण्डा र मासुको आपुर्तिमा आत्मनिर्भर गर्नुका साथै वधशालाको स्थानान्तरण गरी सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणामा व्यवस्थित वधशाला निर्माण एवं संचालन गर्ने कार्य अघि बढाईने छ ।

२४. सिंचाईको दीर्घकालिन योजना निर्माण गरि आगामी आर्थिक वर्षमा थप कृषि योग्य भुमिमा सिंचाईको विस्तार गरिने छ ।

२५. कृषि, पशुसेवा एवं कृषि प्रसारका कार्यलाई कृषि पात्रोको आधारमा संचालित गरिने छ । कृषि, पशुसेवा एवं कृषि प्रसारका क्षेत्रमा योजना सञ्चालनका लागि जनशक्तिको अभाव हुन नदिन आर्थिक वर्षको पहिलो महिना देखिनै आवश्यक जनशक्तिको व्यवस्था गरिने छ । कृषिमा आवश्यक पर्ने दक्ष जनशक्ति नगर क्षेत्रमै उत्पादन गर्न भएको कृषि प्राविधिक शिक्षालयको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्नुका साथै थप कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक शिक्षालय सञ्चालन गर्दै लगिने छ । यसै क्रममा जिलु स्थित कृषि विद्यालयको भौतिक सुधार गर्नुका साथै क्षमावती माध्यमिक विद्यालयमा कृषि तथा पशुसेवा सम्बन्धी डिप्लोमा कक्षा सञ्चालनका लागि सम्बन्धित निकायहरुसँग आवश्यक पहल गरिने छ ।

२६. कृषि क्षेत्रमा रासायनिक मल तथा विषादीको प्रयोगलाई क्रमशः न्यूनिकरण गर्दै कृषकलाई जैविक खेतीतर्फ उन्मुख गराउँदै लगिने छ । कृषि तथा पशुसेवालाइ जनताको घरदैलो सम्म पुऱ्याउन कृषि तथा पशु सेवाका प्राविधिकलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

२७. कृषि बजारलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याईने छ । कृषि उपज संकलन तथा वितरण केन्द्रको स्थापना तथा सञ्चालनद्वारा कृषकलाई उचित मूल्यको सुनिश्चितता प्रदान गरिने छ ।

२८. अधिकांश वडाहरुमा बाँदर आतंक बढ्दै गएको र खाद्य सुरक्षामा गम्भीर असर पर्न थालेकोले बाँदर नियन्त्रण अभियानलाई सम्बन्धित निकायहरुसँगको समन्वयमा सञ्चालन गरी कृषकलाई राहत प्रदान गरिने छ ।

**उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन**

२९. नगरपालिकाको **"रोकौ बिदेश जान, खोलौ आँफैं कारखाना"** भन्ने नारालाई साकार पार्न भीमेश्वर उन्नत कोष समेतबाट साझेदारी हुने गरी युवा लगानीकर्ता लक्षित उद्योग स्थापनाका लागि बैक तथा वित्तीय संस्था र सहकारीहरुसँग समन्वय गरिने छ ।

३०. निजी क्षेत्र तथा सहकारीको साझेदारीमा लघु उद्यम तालिम, उत्पादन एवं बजारीकरणको माध्यमबाट उद्योग तथा वाणिज्य क्षेत्रमा कम्तीमा १०० जनाका लागि वार्षिक न्यूनतम् २०० दिनको रोजगारी सिर्जना गरिने छ ।

३१. नगरपालिका क्षेत्रभित्र औधोगिक लगानीका लागि दर्ता प्रक्रिया सरल वनाई लगानी मैत्री वातावरण तयार गरिने छ । नगरपालिका क्षेत्रमा उद्योग, कल कारखाना तथा शैक्षिक संस्था स्थापना गर्ने लगानीकर्तालाई कर छुटको व्यवस्था मिलाउनुका साथै उद्योग स्थलसम्मको पहुचमार्ग निर्माणमा सहयोग गरिने छ । संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा एउटा उद्योग ग्राम स्थापना गरिनेछ र उद्योग ग्राममा सबै प्रकारका भौतिक सुविधाको क्रमशः व्यवस्था गर्दै लगिनुका साथै खरिढुङ्गास्थित म्याग्नेसाइट खानीको सञ्चालनका लागि नेपाल सरकार समक्ष आवश्यक पहल गरिने छ ।

३२. नगर क्षेत्रलाई अखाद्य बस्तुमुक्त बनाउनका साथै कमसल मदिराको आयातमा प्रतिवन्ध लगाईने छ । बजारलाई ब्यबस्थित गर्न कम्तिमा बार्षिक ३ पटक बजार अनुगमन गरी अखाद्य एवं अस्वस्थ्यकर तथा म्याद गुज्रेका खाद्य सामाग्री नष्ट गरिनेछ ।

३३. खाद्य सामाग्रीको मूल्य सूची अनिवार्य गरिनेछ । अलग-अलग ब्राण्डका खाद्य सामाग्रीमा अलग-अलग मूल्य स्टिकर टाँस्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाईनेछ ।

३४. नगर क्षेत्रभित्र रहेका उद्योगी एवं व्यवसायी समेतको सहभागितामा उद्योगी व्यवसायीहरुको लागि आचार संहिता वनाई स्वस्थ प्रतिस्पर्धा एवं लगानी मैत्री नगरपालिकाको अवधारणालाई मूर्तरुप दिईनेछ ।

**पर्यटन**

३५. नगरपालिकालाई **'ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहर, प्रकृति र पर्यटनले समुन्नत भीमेश्वर'** को अवधारणा अनुरुपको गन्तव्यको रुपमा विकास गरिनेछ । यसका लागि वडानं ९ लाँकुरीडाँडामा वन्दै गरेको भीमेश्वर प्रवेशद्वार देखि नगरका विभिन्न स्थानमा पर्यटन पूर्वाधारको विकास कार्यलाई निरन्तरता दिईनेछ ।

३६. पर्यटकको बसाई अवधिलाई वृद्धि गर्न नगरक्षेत्रका होटेल व्यवसायमा अतिथि सत्कारको संस्कृतिलाई परिमार्जित गरिने छ । यसका लागि पर्यटन व्यवसायी, कर्मचारी एवं कामदारसँग अन्तरक्रिया एवं अभिमुखिकरणका कार्यक्रम सञ्चालन गर्नुका साथै होटलहरुको स्तर निर्धारण गरी कामदार तथा कर्मचारीहरुको पोशाक एवं पोशाकमा नाम देखिने व्याचको व्यवस्था अनिवार्य रुपमा लागु गराईनेछ ।

३७. नगरपालिकाको वेवसाईटमा नगरका गन्तव्य स्थल एवं होटेल व्यवसायीको विवरण अद्यावधिक गरी राखिनेछ । पर्यटन सम्वन्धी आवश्यक डकुमेन्ट्री बनाई सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नुका साथै वेवसाईटमा समेत राखिने छ ।

३८. निर्माणाधिन भीमेश्वर प्रवेशद्वारलाई तीन वर्ष भित्र कफि हाउस, दृश्यावलोकन स्थलका साथै पर्यटन सूचना केन्द्रका रुपमा विकास गरिनेछ ।

३९. नगरपालिकालाई पर्यटनमैत्री स्वच्छ नगरपालिकाको रुपमा विकास गर्नुका साथै सडक वत्ति एवं सिसिटीभी (CCTV) क्यामेराका माध्यमबाट रात्रीको समयमा समेत सुरक्षित नगरको रुपमा विकास गरिनेछ ।

४०. नगरपालिका क्षेत्र भित्रका दृश्यावलोकन योग्य क्षेत्र, साहसिक पर्यटन क्षेत्र, हाईकिङ्ग एवं माउण्टेन वाईकिङ्ग रुटलाई सुधार गरी बढी भन्दा बढी युवा पर्यटकलाई आर्कषण गरिनेछ ।

४१. नगर क्षेत्रभित्रका बगैंचा तथा पार्कलाई थप व्यवस्थित गर्नुका साथै थप पर्यटकीय गन्तब्यको सम्भाब्यता अध्ययन, मुख्य चोक एवं सडक दाँयाबाँया हरियाली कायम गर्न अर्नामेण्टल (Ornamental) बोट बिरुवा एवं मौसमी फूलबारीयुक्त बनाई बाह्रै महिना आर्कषक शहरको स्वरुप प्रदान गरिने छ ।

४२. नगरपालिका क्षेत्रभित्र एअरपोर्टको संभाव्यता अध्ययन, फिल्मसिटीको निर्माण तथा विकास एवं रक क्लाईम्विङ्ग विद्यालय स्थापनार्थ प्रदेश तथा संघीय सरकारसमक्ष पहल गर्नुका साथै उद्योगी एवं व्यवसायीसँग साझेदारी सहित सहकार्य एवं सहजिकरण गरिने छ ।

४३. नगरभित्र रहेका ऐतिहासिक, धार्मिक एवं सँस्कृति धरोहरको संरक्षण एवं पुर्ननिर्माणमा गति दिनुका साथै ऐतिहासिक शहर दोलखाको बस्ति पुन:निर्माणका लागि नगरपालिकाबाट थप अनुदान दिई होमस्टे सञ्चालन गर्न मिल्ने भवन निर्माण गर्न प्रोत्साहन गरिने छ ।

**सहकारी**

४४. सहकारीलाई आर्थिक विकासको महत्वपूर्ण हिस्साको रुपमा विकास गरी उत्पादन बृद्धि र रोजगरी सिर्जनमा तिनीहरुको भूमिका बढाइने छ । भीमेश्वर उन्नत्त कोषको अनुदान तथा सहकारीको सहुलियतपुर्ण ऋण समेत परिचालन गरी सार्वजनिक-सहकारी-समुदाय साझेदारीको अवधारणा अनुसार विपन्न वर्ग तथा युवा व्यवसायीलाई समेटी रोजगारमूलक एवं आयआर्जनका कार्यक्रम सञ्चालनमा ल्याईनेछ । सहकारीसँगको साझेदारीमा विपन्न वर्गलाई आयमूलक तालिम उपलब्ध गराईने छ ।

४५. सहकारी संस्थासँगको साझेदारीमा कृषि उपज संकलन केन्द्र स्थापना गरी कृषि उपजको बजारीकरणलाई व्यवस्थित बनाईने छ ।

४६. नगरवासीलाई सहकारीको माध्यमबाट संगठित गराई कृषि तथा साना उद्योग ब्यबसायमा बचत तथा ऋण परिचालन गरी स्वरोजगार बन्न प्रेरित गरिनेछ ।

**राजश्व परिचालन**

४७. संविधान प्रदत्तः राजश्वका सबै क्षेत्रको अधिकतम् उपयोग गरी आन्तरिक राजस्व परिचालनलाई नगरको विकासको आधारका रुपमा परिचालन गरिनेछ । राजस्व परिचालनमा गर्दा करको दर र दायरा दुवैको अधिकतम् सन्तुलन मिलाईनेछ । करको दायरा बाहिर रहेका करदातालाई दर्ता प्रक्रियामा आउन प्रोत्साहित गरिने छ ।

४८. नगरपालिकाको राजश्व प्रशासनलाई सुदृढ गरिनेछ । यसका लागि बिद्यमान जनशक्तिको अधिकतम् परिचालन र थप जनशक्तिको व्यवस्था समेत गरिने छ ।

४९. **नगरवासीको कर नगरवासीलाई** भन्ने अवधारणामा राजश्वको आम्दानीलाई जनतालाई प्रत्यक्ष लाभ पुग्ने पूर्वाधारको क्षेत्रमा परिचालन गरिने छ ।

५०. उद्योगी तथा व्यवसायीहरुलाई करदाता शिक्षा कार्यक्रमका माध्यमबाट नगरपालिकामा दर्ता भई आन्तरिक राजस्वमा योगदान दिन अभियान सञ्चालन गरिने छ ।

५१. राजश्व प्रशाासनलाई वडास्तरमा विस्तार गरिनेछ । अनलाईन राजश्व प्रणाली सफ्टवयरको प्रयोग गरी प्रत्येक वडाबाट राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

५२. शुल्कमा आधारित राजश्व परिचालन कार्यलाई सार्वजनिक-नीजि साझेदारी र सार्वजनिक सामुदायिक साझेदारी अवधारणा अनुसार सञ्चालनमा ल्याईने छ ।

५३. राजश्व अध्ययन तथा राजश्व परामर्श समितिको कार्यलाई निरन्तर अभ्यासको रुपमा विकास गर्दै राजश्वको दर र दायरालाई यथार्थपरक बनाईने छ ।

**आधारभूत तथा माध्यमिक शिक्षा**

५४. सामुदायिक तथा संस्थागत विद्यालयबीचको मनोवैज्ञानिक र गुणस्तरको खाडललाई कम गर्न सुधारका थप कार्यक्रम सञ्चालनमा ल्याईने छ । **"शिक्षामा हाम्रो लगानी, विद्यालय जान्छन् हाम्रा नानी"** अभियान अर्न्तगत विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाउन अभिभावक समेतलाई समेट्ने गरी अभिभावक भेटघाट एवं एक कक्षासम्मका सवै बालबालिकालाई दिवा खाजा र कक्षा पाँचसम्मका सवै विद्यार्थीलाई निःशुल्क विद्यालय पोशाक उपलब्ध गराईने छ ।

५५. सामुदायिक विद्यालयहरुमा प्रविधिमा आधारित शिक्षण विधि विस्तार गर्नुका साथै शिक्षकहरुलाई शिक्षण योजना तथा शिक्षण सामाग्री साथ कक्षामा प्रवेश गर्ने गरी शिक्षण सामाग्री झोलाको माध्यामबाट अभिप्रेरित गरिने छ ।

५६. विद्यालयहरुमा शैक्षिक वातावरण वनाउन र शिक्षाको गुणस्तरमा सुधार गर्न नगरपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७४ र शैक्षिक पात्रोको पूर्ण रुपमा पालना गराईने छ ।

५७. संस्थागत विद्यालयलाई नगर शिक्षा समितिको माध्यमबाट विद्यालय शिक्षा सुधारको कार्यमा अधिकाधिक सहभागी गराईने छ ।

५८. माध्यमिक तहका विद्यालय शिक्षालाई क्रमशः प्राविधिक तथा व्यवसायिक शिक्षाका रुपमा सञ्चालन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षाको स्तरोन्नति गर्दै लगिने छ ।

५९. विद्यार्थीमा शिक्षाप्रति चाख जगाउन तल्लो तहका कक्षादेखि नै शैक्षिक क्यालेण्डर अनुरुप विद्यालयस्तरीय खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ। यस अतिरिक्त शैक्षिक गुणस्तरमा सुधार गर्न कक्षा पाँचमा समेत नगरस्तरीय परिक्षा प्रणालीको व्यवस्था गरिने छ ।

६०. विद्यार्थीमा समाजप्रतिको जिम्मेवारी सानै देखि वृद्धि गर्न र अनुशासित एवं मर्यादित आचरणयुक्त बनाउन प्रत्येक विद्यालयमा स्काउट शिक्षा समावेश गर्न उत्प्रेरित गरिने छ ।

**आधारभूत स्वास्थ्य तथा अस्पताल व्यवस्थापन**

६१. चरिकोट अस्पतालको सेवा विस्तार गरी अस्पताललाई आई.सि.यू. सहितको अस्पतालमा स्तरोन्नति गर्न नगरपालिका लगायतका दोलखाका स्थानीय सरकार समेतको योगदान रहने गरी साझेदारीको अवधारणा अनुरुप स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा सञ्चालन गर्न सम्बद्ध निकायहरु समक्ष आवश्यक प्रकृया अगाडि बढाईने छ ।

६२. स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन नगरपालिकाका प्रत्येक वडामा निःशुल्क औषधी र स्वास्थ्यकर्मी सहितको आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराईनेछ । नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीको सेवामा चुस्तता ल्याउनुका साथै शहरी स्वास्थ्य केन्द्रको सेवालाई समेत नियमित बनाईने छ ।

६३. सबै वडाहरुमा रहेका स्वास्थ्य संस्थाबाट २४ घण्टे प्रसुती सेवाको लागि पुर्वाधार तयार गरी आमा सुरक्षा कार्यक्रम प्रभावकारी बनाईनेछ । स्वास्थ्य क्षेत्रमा दीगो विकासका लक्ष्य हासिल हुने गरी आमा तथा ५ वर्षमुनिका सम्पूर्ण बालबालिकाहरु स्वास्थ्य सम्बन्धी खोप, पोषण, समुदायमा आधारीत एकीकृत बालरोग व्यवस्थापन, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

६४. स्वास्थ्य क्षेत्रमा सहस्राब्दी विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनको व्यवस्था गरी शतप्रतिशत स्वास्थ्य संस्था प्रसूति अभियानमा समेत परिचालन गरिने छ । स्वास्थ्य संस्थामा प्रसूति गराउने महिला तथा बच्चा जन्मेको ३५ दिनभित्र जन्म दर्ता गराउने आमालाई नगरपालिकाले प्रोत्साहित गर्ने छ ।

६५ आयुर्वेदिक चिकित्सा प्रणाली र योग अभ्यासलाई विद्यालयस्तर सम्म विस्तार गरिनेछ । आयुर्वेदिक चिकित्सा पद्धतिको सेवामा महिला तथा ज्येष्ठ नागरिकको पहुँचलाई सहज बनाईनेछ ।

६६. नगरपालिकाको आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०७४ मा रहेको अस्पतालको फोहोरमैला अस्पताल आफैले वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने प्रावधानको कडाईका साथ कार्यान्वयन गरिने छ । भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका निजी अस्पताल, सामुदायिक अस्पताल, पोलिक्लिनिकहरुलाई स्थापित मापदण्ड अनुसार संचालन गर्न लगाईने छ ।

६७. रोग लाग्न नदिनको लागि Previntive ( प्रतिकारत्मक) Promotive (प्रर्वद्वनात्मक) सेवालाई निरन्तरता दिईने छ ।

**खानेपानी तथा सरसफाई**

६८. साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको माध्यमबाट खानेपानीको दीर्घकालिन व्यवस्थापन गरिने छ । त्यसैगरी मुख्य बजार क्षेत्रमा प्रशोधन प्लान्ट सहितको ढलको निर्माण आगामी वर्षबाट शुरु गरी प्रशोधित पानीलाई सिंचाईको लागि प्रयोग गर्ने गरी योजना अघि बढाईने छ । साना शहरी खानेपानी तथा ढल व्यवस्थापन कार्य आगामी आ.व.बाट प्रारम्भ गरी ४ वर्ष भित्र सम्पन्न गरिनेछ ।

६९. साना शहरी खानेपानी तथा सरसफाई आयोजनाले नसमेटेका वडा तथा वस्तीहरुमा रहेका पाईप लाईनलाई थप व्यवस्थित गरी पिउने योग्य पानीको आपुर्तिमा वृद्धि गरिनेछ । **जनतासँग मेयर** कार्यक्रमका माध्यमबाट स-साना खानेपानी तथा मर्मत सम्भारका प्रवर्द्धनात्मक कार्यक्रम गरिने छ । घरमा प्रयोग हुने पानी तथा सार्वजनिक धाराको पानीलाई करेसावारीमा प्रयोग गर्ने वा सडक क्षति नहुने गरी नाला वनाई तर्काउने व्यवस्था मिलाईने छ ।

७०. नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषण गरी क्रमशः पूर्ण सरसफाई युक्त नगरका रुपमा विकास गर्दै लगिने छ ।

**भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रर्वद्धन**

७१. नगरपालिका क्षेत्रभित्रका सवै जातजातिका भेषभुसा, भाषा, रितिरिवाज तथा परम्परागत जात्रा, चाडपर्व, मेला एवं वाद्यवादन सामाग्री तथा संस्कृतिको संरक्षण गरिनेछ । थामी संग्रहालयको भौतिक पूर्वाधारको निर्माणको कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिईनेछ ।

७२. ऐतिहासिक एवं साँस्कृतिक दोलखाको पुर्ननिर्माणलाई दोलखाको मौलिकता झल्कने गरी पुरात्वत्विक सामाग्री समेतको संरक्षण गर्दै अघि बढाइने छ । ऐतिहासिक नगरी दोलखामा रहेको टक्सार भवनको जग्गा नगरपालिकाको स्वामित्वमा ल्याई साँस्कृतिक संग्रहालय र ऐतिहासिक टक्सार भवनको रुपमा पुनःनिर्माणको कार्य अघि बढाइनेछ ।

७३. परम्परागत संस्कृति बमोजिम मनाईने जात्रा-पर्वहरु व्यवस्थित गर्न एवं मठ मन्दिरमा परम्परा देखि चलि आएका पुजाआजाको संरक्षण गर्न र सोका लागि आवश्यक परम्परागत वाद्यवादनका सामाग्री खरिद गर्न अनुदान उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

**खेलकुद तथा मनोरञ्जन**

७४. खेलकुदका माध्यमबाट बालबालिका, युवा तथा सबै उमेर समुहका महिला एवं पुरुषको शारिरीक एवं मानसिक स्वास्थ्य तन्दुरुस्त राख्ने नीति लिईनेछ । यसका लागि सवै समूह लक्षित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. राष्ट्रपति रनिङ्ग सिल्ड, नगरपालिका भित्रका विद्यालय स्तरीय खेलकुद प्रतियोगिता, **मेयर कप फुटबल एवं क्रिकेट प्रतियोगिता, उप-मेयर कप महिला भलिबल प्रतियोगिता** र अन्य स-साना खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुदको माहोल सिर्जना गरिनेछ ।

७६. व्यवस्थित खेलका लागि टुडिखेलको संरक्षण र विस्तार, कवर्ड हल निर्माण, विद्यालयमा खेलकुद प्रशिक्षणको व्यवस्था लगायतका योजना तथा कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

७७. सडक महोत्सव, विभिन्न खाले कन्सर्ट, स्थानीय क्लवको प्रर्वद्धन आदिका माध्यमबाट मनोरञ्जन एवं खेलकुदलाई प्रोत्साहित गरिनेछ ।

**लैंगिक समानता, सामाजिक समावेशिकरण तथ सामाजिक सुरक्षा**

७८. ज्येष्ठ नागरिकलाई सहज ढंङ्गले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न एउटा वडाको कम्तीमा दुई वटा ठाउँबाट बैंक मार्फत सामाजिक सूरक्षा भत्ता वितरण गर्ने प्रवन्ध मिलाईनेछ । ज्येष्ठ नागरिकले समाजमा पुऱ्याएको योगदानलाई कदर गर्दै ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई जेष्ठ नागरिक भेटघाट कार्यकमको माध्यामबाट सम्मान स्वरुप नगरपालिकाबाट थप सामाजिक सुरक्षा प्रदान गरिनेछ ।

७९. **महिलासँग उपमेयर कार्यक्रम** मार्फत हिंसापीडित महिला, बालश्रमिक, संकटमा रहेका महिला एवं बालबालिका तथा सिमान्तकृत समुदायको आकस्मिक उद्धार, पुर्नस्थापना एवं अन्य आयआर्जनका कृयाकलापमा सहयोग पुऱ्याईनुका साथै विपन्न महिलाका लागि आयमूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ । लैंगिक विभेद, जातीय विभेद, बालविवाह आदि जस्ता कुरिति विरुद्ध अभियान सञ्चालन गरिनेछ । महिला सशक्तिकरण, महिलाको नीति निर्माण तहसम्मको पहुँच अभिवृद्धि, किशोर किशोरीको नेतृत्व क्षमता विकास, युवा महिला उद्यमशिलता आदि जस्ता कार्यलाई प्रर्वद्धन गरिनेछ । गौरीशंकर बालगृहको व्यवस्थित सञ्चालन र सम्पत्तिको संरक्षण समेतका लागि नगरपालिकाले यसको स्वामित्व ग्रहण गर्न सम्बन्धित निकायसमक्ष आवश्यक पहल गरिने छ ।

८०. मादक पदार्थ सेवन तथा जुवातास जन्य विकृतिबाट महिला एवं बालबालिका माथि हुने हिंसाका घटना एक पछि अर्को गरी आईरहेको सर्न्दभमा जुवातास र मदिरा नियन्त्रण गरी लैङ्गिक हिंसा मुक्त नगरपालिका बनाउने अभियान सञ्चालन गरिने छ । सूचना तथा सञ्चारमा महिला, महिला आत्मरक्षा कार्यकम, प्रतिभा पहिचान, जीवन उपयोगी तालीम जस्ता कार्यकमहरु सञ्चालनमा ल्याईने छ

**सडक पूर्वाधार विकास**

८१. सडक तथा यातायात आर्थिक विकासका पूर्व शर्त भएको र नगरपालिका क्षेत्रभित्र प्रर्याप्त परिमाणमा कच्ची सडक खनिसकेको सर्न्दभमा अवको जोड सडक स्तरोन्नति हुनेछ । सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ मार्फत नगरपालिकाले सडकको चौडाई र फासला समेत तोकीसकेकोले सडकको स्तरोन्नति गर्दा ऐन बमोजिमको चौडाई कायम गर्ने, मोड सुधार गर्ने, पक्की सडक साथै नाला वनाउने, स्ट्रक्चरका कार्य गर्ने गरी २०७५ श्रावण महिना भित्रै सडक स्तरोन्नती कार्यविधि वनाई लागु गरिनेछ । नगरपालिकाका मुख्य सडकहरु तथा वडा केन्द्रसम्म जाने सडकहरुलाई ४ वर्ष भित्रमा बाह्रै महिना चल्ने सडकका रुपमा स्तरोन्नति गर्ने कार्ययोजनाका साथ सडक स्तरोन्नतिका कार्यलाई अघि बढाईने छ ।

८२. नगरपालिकालले नयाँ ट्रयाक खन्ने कार्यलाई निरुत्साहित गर्नेछ । नयाँ ट्रयाक खन्नुपर्ने पर्याप्त कारण भए उपभोक्ताले नगरपालिकाको पूर्व स्वीकृति लिई आफ्नै खर्चमा खन्नु पर्ने नीति अंगिकार गरिने छ ।

८३. फिडर रोड तथा मुख्य सडकबाट खनिएका सवै शाखा सडकमा ह्युम पाईप वा अन्य स्थायी संरचनाको माध्यमबाट पानी तर्काउने र माटो बगेका लेदो मुख्य सडकहरुमा नबग्ने गरी मात्र वनाउनु पर्ने नियमको कार्यान्वयन गरिने छ ।

८४. सडकको सुरक्षा तथा सहज आवगमनलाई सुनिश्चित गर्न सडक क्षेत्रमा घडेरी खारेको माटो वा नदीबाट ओसारेको ढुङ्गा, गिटी, वालुवा तथा निर्माण सामग्री थुपार्न पूर्ण प्रतिवन्ध लगाईनेछ । सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ बमोजिम नगरपालिकाको पूर्व स्वकृति बेगर घडेरी खार्ने कार्यको पूर्ण रुपमा रोक लगाईने छ ।

८५. मुख्य शहरी सडक, भीमेश्वर चक्रपथ तथा दुई वा दुई भन्दा बढी वडाहरु जोड्ने सडकको स्तरोन्नती एवं योजनावद्ध विकासका लागि नगरस्तरीय सडक गुरुयोजना वनाई लागु गरिनेछ । यस बाहेक नगरपालिकाको बिस वर्षे सडक सञ्जाल योजना समेत बनाईने छ ।

८६. सडकको नामाकरण, शुरु एवं अन्तिम विन्दु, चौडाई तथा फासला उल्लेख भएको जानकारी सहितको पाटी सवै सडकको शुरु, मध्य तथा अन्तिम विन्दुमा टाँसिने छ ।

८७. सडक दुर्घटना कम गर्न आवश्यक सडक सवारी सुरक्षा संरचना एवं सडक संकेत तथा सडक मर्मत सम्भारका कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईने छ । वर्षाको समयमा आवगमन अवरुद्ध हुन नदिन आषाढ, श्रावण र भदौ महिना गरी ३ महिना यातायातको नियमित सेवा सञ्चालन हुने सडकहरुमा सडक हेरालुको व्यवस्था गरिनेछ ।

८८. नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको विद्यमान लम्वाई-चौडाई एवं प्रकृति समेत झल्कने गरी २०७५ भाद्र मसान्त भित्र लगत (Inventory) तयार गर्नुको साथै भाद्र महिनाको दोस्रो साताबाटै सडक क्षेत्रको लगत कट्टा गर्ने कार्य अघि बढाइने छ ।

८९. सडकलाई पहिरोबाट जोगाउन सडकका दुवै किनारामा रुखबिरुवा, बाँस, अम्रिसो एवं अन्य प्रजातिका वनस्पति रोपी संरक्षण गर्ने अभियान चलाईनेछ । सडकको लागत अनुमान तयार गर्दा बायो ईन्जिनियरिङ्ग तथा पानीको व्यवस्थापन गर्ने कार्यलाई अनिवार्य बनाई लागु गरिनेछ ।
९०. सडक अनुगमनमा जाने प्राविधिक तथा अनुगमन टोलीले अनिवार्य रुपमा अनुगमन चेकलिष्ट सहित अनुगमन गर्ने प्रणालीको विकास गरिने छ । अनुगमन प्रणालीलाई थप ब्यबस्थित गर्न तेस्रो पक्ष अनुगमन (Third Party Monitoring) को कार्य शुरु गरिने छ ।

**भवन तथा शहरी विकास**

९१. सडकको क्षेत्राधिकार र फासला मिचेर घर वनाउन दिईने छैन । भवन संहिताको पूर्ण पालना गराइने छ र नक्शापास प्रक्रियालाई क्रमशः अनलाईन प्रविधिबाट सञ्चालन गरिने छ ।

९२. नगरपालिकाले मेट्रिक्स प्रणालीमा घर नम्वर सहितको अभिलेख तयार गरिसकेको सर्न्दभमा सार्वजनिक-गैरसरकारी क्षेत्रको साझेदारीमा नगरका प्रत्येक घरमा सडकको नाम तथा घर नम्वर टाँस्ने कार्य सम्पन्न गरिनेछ ।

९३. पुर्ननिर्माणको कार्यलाई तीब्र रुपले अघि बढाउन नगरपालिकाको कार्य प्रक्रिया सरल बनाईनुका साथै स्थलगत अनुगमनलाई तीब्र बनाईने छ । पुनर्निर्माणका लागि लाभग्राही नामावलीमा नाम छुट भएकाहरुको नाम समावेश गर्न नेपाल सरकारसमक्ष आवश्यक पहल गरिने छ ।

९४. मुख्य बजारका सडक तर्फका संरचनाहरुलाई आगामी ४ वर्षमा सुन्दर स्वरुप देखिने गरी सुधार गरिनेछ । अव वन्ने मुख्य बजारका घरका लागि अग्रभागको स्वरुप तथा रङ्ग तोकिनेछ भने पहिला बनिसकेका घरले स्वरुप परिर्वतन गर्दा वा रङ्गरोगन गर्दा सोही अनुरुप गर्नुपर्ने गरी नियमन गरिनेछ ।

९५. नगरको मूख्य बजार क्षेत्र एवं सघन आवास क्षेत्रमा सडक वत्ति जडान गरिनेछ भने आगामी ४ वर्ष भित्र सवै वडाका प्रमुख वस्ति तथा चोकमा सडक वत्ति विस्तार गरिनेछ । नगरवासीको दैनिक आवागमनलाई सहज बनाउन सार्वजनिक निजी साझेदारीमा नगर बस सञ्चालन गरी सार्वजनिक यातायात सेवालाई व्यवस्थित गर्दै लगिने छ ।

९६. शहरको सौन्दर्य नगर सभ्यताको पहिचान भएकोले आधुनिक शहरको मापदण्ड बमोजिम नगरको सौन्दर्य कायम गरिनेछ । यसका लागि जथाभावी हुने निर्माणमा रोक लगाई सडकको दुवै तर्फ मुख्य बजार क्षेत्रमा फुटपाथ विस्तार गरिनेछ र आगामी ४ वर्षमा सवै वस्तिका मुख्य चोकमा सडक पेटी र नाला निर्माण गरिनेछ ।

९७. नगरपालिकाको जिलु तथा बोसिम्पा क्षेत्रमा एकीकृत वस्ति निर्माणको कार्य प्रारम्भ भैसकेको सर्न्दभमा थप क्षेत्रमा लागत साझेदारी अवधारणामा एकीकृत वस्ति निर्माण गर्दै लगिनेछ । समूदायलाई एकिकृत वस्ति निर्माणका लागि प्रोत्साहित गरिनेछ । खानेपानी, विधुतीकरण, ढल तथा प्रशोधन केन्द्र निर्माण, शिक्षा तथा स्वास्थ्यका संरचना, सडक वत्ति एवं हरियाली वस्ती विकास अभियान सञ्चालन गर्दा एकीकृत वस्तिलाई प्राथमिकता दिईनुका साथै राष्ट्रिय भू-उपयोग नीतिसँग सामञ्जस्यता कायम राख्दै कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, बस्ती विकास क्षेत्र आदि छुट्टयाउने गरी भू-उपयोग योजना तथा रणनीति निर्माण गरी क्रमश: कार्यान्वयन गर्दै लगिने छ ।

९८. नर्सरीहरुसँगको साझेदारीमा वर्षभरि नै सडकको दुई तर्फ सौन्दर्य बढाउने प्रजातिका रुख विरुवा तथा मौसम अनुसारका फूल लगाई सडकलाई सुन्दर बनाईने छ ।

## सूचना, सञ्चार तथा उर्जा

९९. नगरपालिकाबाट प्रदान हुने सेवालाई सूचना प्रविधिको माध्यमबाट प्रवाह गरी सेवाको गुणस्तर तथा अभिलेखको चुस्तता दुवै कायम गरिनेछ । यसका लागि सवै वडाबाट व्यक्तिगत घटना दर्ता तथा तथा राजश्व संकलनको कार्य अनलाईन पद्धतिबाट गरिनेछ । नगरपालिकाको लेखा व्यवस्थापनलाई अनलाईन प्रणालीको सूत्र (Subnational Treasury Regulatory Application ) मार्फत व्यवस्थित गरिनेछ ।

१००. नगरपालिका तथा सवै वडाहरुमा सूचना प्रविधिको स्तरोन्नति गर्न कार्यालयहरुमा ईर्न्टरनेट व्यान्डविथ विस्तार गरिनेछ ।

१०१. नगरपालिकाले सार्वजनिक -निजी साझेदारी अवधारणामा जलविद्युत क्षेत्रमा लगानी गरिने छ। यसका लागि प्रथम चरणमा संभाव्यता अध्ययनको कार्य शुरु गरिने छ ।

१०२. नगरपालिकाका सूचनामा नागरिकको बढी भन्दा बढी पहुँच तथा स्वामित्व स्थापना गर्न प्रेस सँगको सहकार्यमा **जनतासँग मेयर** तथा **महिलासँग उपमेयर** कार्यक्रम सञ्चालन गरिनेछ । मासिक पत्रकार भेटघाट, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सूचना प्रवाहमा मिडिया सँगको सहकार्य आदिका माध्यमबाट सूचना प्रवाह, पारदर्शिता तथा नागरिकको सुख दु:खमा सहयात्रीको भूमिका निर्वाह गरिनेछ ।

१०३. नगरपालिकाको वेबसाईट तथा मोवाईल एप्लिकेशन मार्फत नियमित रुपमा सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । वेबसाईट र मोवाईल एप्लिकेशनलाई दोहोरो सम्वाद हुने गरी विकास गरिनेछ ।

१०४. तामाकोशी तेस्रोलाई उच्च क्षमतामा निर्माण गर्ने तर्फ नेपाल सरकारको ध्यानाकर्षण गराईनेछ । जिल्लामा निर्माण हुने सवै हाईड्रोपावरमा नगरवासीको समेत शेयर सुरक्षित रहने गरी व्यवस्था मिलाउन सम्वद्ध पक्षहरुसँग छलफल प्रक्रिया अगाडि बढाईनेछ ।

१०५. नगरपालिकालाई उर्जा रोयल्टीबाट प्राप्त हुने रोयल्टीको रकमलाई सोही क्षेत्रमै लगानी गर्ने नीति लिईनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१०५. नगरक्षेत्रका सार्वजनिक जग्गा, सामुदायिक वन, धार्मिक वन, निजी वन तथा जग्गाहरु समेतमा लोठसल्ला तथा लोपोन्मुख जडिबुटी खेतिलाई प्रोत्साहित गरिनेछ ।

१०६. वन क्षेत्रको दीगो तथा वैज्ञानिक व्यवस्थापनको कार्यलाई प्रोत्साहित गरी वनजन्य उत्पादनमा आधारित उद्योग स्थापनामा निजी तथा समुदायिक क्षेत्रलाई प्रोत्साहित गरिनेछ । दीगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्दा चौडा पाते, फलफूल समेत रहने गरी मिश्रित वनको अवधारणा अनुरुप जान सामुदायिक वनलाई परिचालित गरिनेछ । यसबाट कालान्तरमा वन उपभोक्ताहरुको वार्षिक आम्दानीका थप श्रोत प्राप्त हुनुका साथै कार्बन व्यापारको कार्यमा समेत सहयोग पुग्ने विश्वास लिईएको छ ।

१०७. वन क्षेत्रमा जैविक विविधता कायम राख्न वनस्पतिको संरक्षण तथा खुल्ला चिडियाखानाको अवधारणा अनुरुपका योजना ल्याईनेछ । विज्ञान पार्कको सम्भाव्यता अध्ययन गर्दा जैविक विविधता र वनस्पति समेतको अध्ययनका लागि वन वरिपरीको क्षेत्र छनौटमा जोड दिईनेछ ।

१०८. वन क्षेत्रको संरक्षण तथा विस्तार गर्न, सडक क्षेत्रको हरियाली तथा भू-संरक्षण कायम गर्न सामुदायिक वनसँगको साझेदारीमा वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

१०९. सवै सामुदायिक वन क्षेत्रमा एक सामुदायिक वन, न्यूनतम् १० पोखरीको अभियानलाई सामुदायिक वनसँगको सहकार्यमा अगाडि बढाई भूमिगत स्रोतको संरक्षणमा टेवा पुऱ्याईनेछ ।

११०. नदी, खोला, खोल्सा खोल्सी तथा राजकुलो आदिको जलाधार संरक्षण गर्न सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ को प्रावधान बमोजिम कडाईका साथ कार्यान्वयन गरिनेछ । खोला तथा खोल्सी किनारा आसपास बाँस, निगाँलो, अम्रिसो, अलैंची लगायतका विरुवा रोप्ने अभियान चलाईनेछ ।

१११. सौर्य उर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता बैकल्पिक उर्जाको खपत बढाई कार्वन उत्सर्जनमा न्यूनिकरण गर्ने अभियान चलाईनेछ । जलवायु अनुकुलनका स्थापित विधि अपनाई खाद्य सुरक्षा, भू-क्षय न्यूनिकरण तथा वन डढेलो न्यूनिकरण जस्ता कार्यलाई अघि बढाईनेछ । विकास आयोजना सञ्चालन गर्दा वातावरणमैत्री कार्यविधि अपनाईनेछ ।

११२. नगरपालिकाको आफ्नै विपद् व्यवस्थापन योजना वनाई सो अनुरुपको पूर्व तयारी, राहत तथा उद्धार, प्रतिकार्य एवं पुर्नस्थापनाका कार्य अघि बढाइनेछ । नगरपालिकामा एउटा र बढी भन्दा बढी वस्ती भएको क्षेत्रलाई समेट्ने गरी थप दुई स्थानमा उद्धार सामाग्रीको भण्डारण गरिनेछ भने अन्नपात लगायतका वस्तुको बजारबाट सोझै पीडितसम्म पुऱ्याउने व्यवस्था मिलाईने छ ।

११३. विपद् व्यवस्थापन तथा उद्धार एवं राहत कार्यका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना गरिने छ। विपद्मा परेका व्यक्ति तथा परिवारको आपत्कालिन तथा तत्कालिन आश्रय स्थल, खाद्यान्न र आवासको व्यवस्था गरिने छ। यसो गर्दा उपलब्ध भएसम्म सामुदायिक भवनको प्रयोग गर्ने व्यवस्था मिलाईनेछ।

११४. **"मेरो रहर, सफा शहर"** को नारालाई मूर्त रुप दिन **"नगरका मुख्य चोक बजार तथा घर आँगन सफा राख्न पहिला आफैबाट शुरु गरौ, सकेको सफाई आँफै गरौ"** भन्ने अभियानमा टोल सुधार समितिलाई अधिकाधिक परिचालन गरिनेछ। टोल सुधार समितिलाई आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गर्न सक्षम वनाईनेछ र वडा कार्यालयले प्रदान गर्ने केही केही सिफारिसमा टोल सुधार समितिको सिफारिसलाई समेत आधार बनाईनेछ।

११५. फोहोरमैला संकलन तथा प्रशोधन कार्यलाई सरसफाई केन्द्रको अवधारणा अनुरुप सञ्चालन गरिनेछ। सरसफाई केन्द्रको व्यवस्थापन तथा सञ्चालनलाई सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ। घर तथा व्यवसायबाट निस्कने फोहोरलाई स्रोतमै छुट्याइ कुहिने तथा नकुहिने फोहोरलाई अलग-अलग व्यवस्थापन गर्ने व्यवस्था मिलाईनेछ।

११६. प्रारम्भिक चरणमा मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगमा निरुत्साहित गरिनेछ भने ४ वर्ष भित्र कपडाको झोलाको प्रयोग बढाई प्लाष्टिकका झोला न्यूनिकरण गरिनेछ। बजार क्षेत्र वा मुख्य सडकमा जथाभावी राखिएका होर्डिङ बोर्ड हटाउन लगाई नगरपालिकाले तोकेको मापदण्ड अनुसारका होर्डिङ बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड आदि राख्न दिईनेछ।

११७. बारुण यन्त्रलाई २४ सै घण्टा तैनाथ राखिनेछ। यसका लागि बारुण यन्त्रको नियमित मर्मत गर्नुको साथै बारुण यन्त्रमा खटिने कर्मचारीको सिफ्टमा सेवा पुऱ्याउने कार्यलाई निरन्तरता दिईनेछ। बारुण यन्त्रमा काम गर्ने कर्मचारीलाई बारुण यन्त्र सञ्चालन तथा जटील प्रकृतिको आगलागीसँग जुध्न सक्ने गरी प्रशिक्षित गरिनेछ। बारुण यन्त्र सञ्चालनमा नेपाली सेना तथा नेपाल प्रहरीसँग समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ।

११८. वन डढेलो नियन्त्रण गर्न डढेलो लगाउने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। यसका लागि **नागरिकसँग मेयर** तथा **महिलासँग उपमेयर** लगायतका कार्यक्रम मार्फत समूहसँग अर्न्तक्रिया अभियान सञ्चालन गरिनेछ।

११९. बजार क्षेत्र तथा वस्तिलाई आगलागीबाट जोगाउन चेतना अभिवृद्धि तथा जानकारीमूलक सूचना प्रवाह गर्नुका साथै होटल, रेष्टुरा, मदिरा पसल तथा आगलागी छिटो फैलने सामाग्री विक्री गर्ने पसल तथा गोदाम, बैंक तथा संगठित संघ/संस्थामा आगो निभाउने ग्याँस (Fire Extinguisher) राख्नुपर्ने व्यवस्थालाई अनुगमनका माध्यमबाट कार्यान्वयन गराईनेछ।

**सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह**

१२०. नगरपालिकाको कार्य सरलिकरण, कार्यविधिको स्पष्टता, चुस्त अभिलेख व्यवस्थापन, सुचना प्रविधिको अधिकाधिक प्रयोग, नियमित पत्रकार भेटघाट, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, उपभोक्ता समिति अभिमुखिकरण, टोल सुधार समितिको परिचालन, रेडियो कार्यक्रम जस्ता उपायहरुलाई पारदर्शिता तथा सुशासनको आधार वनाईनेछ।

१२१. नगरपलिकामा सूचना डेस्क र सूचना अधिकारीको व्यवस्था गरी नियमित सूचना प्रवाहको व्यवस्था मिलाईने छ । यसरी सूचना प्रवाह गर्दा सूचनालाई नगरपालिकाको वेबसाईट तथा मोवाईल एप्लिकेशनमा राख्नुका साथै पत्रकार समक्ष ग्रुप ई-मेल मार्फत प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

१२२. नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन गर्ने कार्यक्रम तथा योजनाको वार्षिक कार्यपात्रो बनाई बजेटसाथ प्रस्तुत गर्ने व्यवस्था मिलाईनेछ । यसबाट आर्थिक वर्षको शुरु देखि नै कार्यक्रम तथा योजना सञ्चालन भई खर्चमा मितव्ययिता र दुरुपयोगको सम्भावनालाई नियन्त्रण गरिने छ ।

१२३. योजना अनुगमनको अलग्गै कार्ययोजना वनाई योजना शुरु हुनु पूर्व, योजना कार्यान्वयनको चरण तथा योजना सम्पन्न भए पश्चात गरी तीन चरणमा योजनाको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ । योजना अनुगमनमा वडा समितिलाई बढी भन्दा बढी जिम्मेवार वनाउन अनुगमनका प्राविधिक पक्ष सम्वन्धमा वडा समितिका सवै सदस्यलाई श्रावण तथा भाद्र महिनाभित्र प्रशिक्षित गराईने छ ।

१२४. कर्मचारी आचार संहिता  तयार गरी कर्मचारीलाई सेवाप्रति बढी जिम्मेवार बनाई सेवाको गुणस्तर सुधार ल्याईनुका साथै कर्मचारीलाई योगदानमा आधारित अवकाश कोषको व्यवस्थाद्वारा सामाजिक सुरक्षा प्रदान गरिने छ ।

१२५. नगरपालिकामा सीप तथा प्रविधि हस्तान्तरण, साँस्कृतिक आदान प्रदान तथा अन्तर्राष्ट्रिय लगानी आकर्षण गर्न संसारका विभिन्न शहर तथा काउन्टीसँग भगिनी सम्वन्ध विस्तार गरिने छ । कृषि, पशुपालन, उद्योग प्रवर्द्धन लगायत नगरपालिकालाई आवश्यक पर्ने विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय स्वयंसेवकको सेवा लिन सक्ने व्यवस्था मिलाईनेछ ।

**अन्त्यमा,** हामीलाई निर्वाचित भएको यो एक वर्ष सम्म नगरको समृद्धिका लागि अमूल्य सल्लाह, सुझाव, आलोचना एवं मार्गदर्शन प्रदान गरी नगरपालिकाको सेवा प्रवाहमा सुधार गर्न सहयोग पुर्‍याउनु हुने नगरवासी, संघ/संस्था एवं समुदाय प्रति कृतज्ञता प्रकट गर्दै आगामी वर्षमा अनुभूति हुने खालका जनपक्षीय परिणामसाथ प्रस्तुत हुने विश्वास दिलाउन चाहन्छु ।

आफ्नो कार्य व्यस्तताका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी सभाको गरिमा बढाई दिनु हुने प्रमुख अतिथि लगायतका अतिथिज्यूहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस नीति तथा कार्यक्रममाथि आफ्ना अमूल्य सुझाव उपलब्ध गराई हामीलाई आगामी दिनमा अझ परिष्कृत हुन सहयोग पुर्‍याउनु हुनेछ भन्ने अपेक्षा सहित विदा हुन्छु ।

धन्यवाद !

**कमला बस्नेत**
**उपप्रमुख**